# भूमे साप्ताहिक

वर्ष ६ अङ्क १०  २०८१ साउन  २० आईतबार



## सम्पादकीय

# पर्यटन प्रवर्द्धन गाउँपालिकाको लगानी

भौगोलिक रुपमा विकट तर सुन्दर हिमाल, उच्च महाभारतीय पर्वत श्रृखला, पाँटन, बहुल संस्कृति, मौलिक भेषभूषा आदिले गर्दा भूमे गाउँपालिका पर्यटकीय गन्तव्यको केन्द्रबिन्दु को रुपमा विकास भएको छ। अझैं युद्ध पर्यटनले त प्राकृतिक सुन्दरता भन्दा देशकै भिन्न विशेषता मार्फत भूमेलाई चिनाएको छ। भूमे गाउँपालिकाले युद्धले थिलोथिलो पारेका गाउँबस्तीलाई पर्यटन पुर्वाधारको बिकास मार्फत युद्धको चोटहरुमा मल्हम लगाउने प्रयास गरिरहेको छ।

देशमा एक दशक भन्दा लामो समय सम्म चलेको सशस्त्र द्वन्द्वको केन्द्रबिन्दु रुकुम र रोल्पा हो। तत्कालिन युद्धसँग जोडिएको स्थान देशभर धेरै भए पनि रुकुम र रोल्पा सशस्त्र युद्धको पर्यायवाची शब्दजस्तै बनेको छ। अहिले गाउँपालिकाले पर्यटकीय स्थानलाई जोड्न ट्रेकिङ रूटको संजाल विकास गरिरहेको छ। गाउँपालिका भित्र रहेका पर्यटनलाई विकासका गतिविधि र शान्तिको सन्देश दिने उद्देश्यका साथ भूमे गाँउपालिका भित्रको युद्धसंग जोडिएको स्थलहरुमा अहिले युद्ध पर्यटन पुर्वाधार निर्माणमा लगानी गरिरहेको छ।

भौगोलिक, धार्मिक, सांस्कृतिक, जैविक विविधतायुक्त भूमे घुम्न विभिन्न ठाउँबाट धेरै थरी पर्यटक आइरहेका छन्। जिल्लाभित्र र जिल्ला बाहिरका कर्मचारी तथा विद्यालयले गरी बिदा मनाउन, धार्मिक यात्रा र बुकी पाटनको पर्वतारोहणका तथा युद्धको अनुसन्धान गर्न समेत भूमे आउने गरेका छन्। हिमालय शृंखला र ढोरपाटन सिकार आरक्ष दृश्यावलोकन, पदयात्रा र पवर्तारोहणमा आनेहरूको संख्या दिनानुदिन बढिरहेको छ। साथै रोल्पा, रुकुमपूर्व र बाग्लुङको सीमानामा पर्ने बुकी पाटन, रिगल दह, तिलाचन ताल र यस वरिपरिका सुन्दर दृश्य हेर्न बाह्रैमास पर्यटक आउने गरेका छन्। पर्यटकका कारण होटल र पसल व्यवसायमा टेवा पुगेकै छ, रैथाने संस्कृति प्रवद्र्धन पनि भइरहेको छ। अहिलेत पर्यटन क्षेत्रबाट भूमेले बहुआयामिक लाभ लिन सुरुवाट गरिसकको छ।

**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# पहिलेका युद्ध स्थलहरू अहिले युद्ध पर्यटन

***तयारीका तालिम स्थल, ठूला आक्रमण स्थल, कम्युन, घरेलु हतियार निर्माणस्थल, जनवादी शिक्षास्थल, सुरुङ, बङ्कर, बैठक घर र युद्धका तयारी स्थलहरूको संरक्षण गर्न थालिएको छ।***



❖ बालाराम शेर्पाली

तत्कालिन नेकपा माओवादीले सञ्चालन गरेको १० वर्षे जनयुद्धका ऐतिहासिक ठाउँलाई अहिले युद्ध पर्यटनको रूपमा विकास गरिँदै छ। रुकुमपूर्व भूमे गाउँपालिकाको विभिन्न स्थानमा धेरै युद्ध पर्यटकीय क्षेत्र रहेका छन्। भूमे ६ महत र भूमे ९ चुनबाङको भेडीडाँडामा त युद्ध स्मारिका एवम् सङ्ग्रहालयको रूपमा युद्ध पर्यटनको विकास भइहेको छ। भने लडाकु हिडेका तथा तालिम केन्द्रमा गुरिल्ला पर्यटन र माओवादी बसेका ऐतिहासिक गाउँलाई एकीकृत बस्ती विकासका काम विकास गरिराखिएको छ।

साथै त्यसबेलाका माओवादी पार्टीले सञ्चालन गरेका जनवादी विद्यालयमा जीवन्त अध्ययन सङ्ग्रहालयको रूपमा विकास गरिराखिएको छ। महत गाउँको सिरानमा रहेको डाँडामा युद्ध फिचर (स्याण्ड मोडेल)को निर्माण गरिएको छ। सदरमुकाम रुकुमकोटबाट करिब एक घण्टामा गाडीको यात्रा गरेपछि महत गाउँ भेटिन्छ। युद्ध र शान्तिको अध्ययन गर्न चाहनेका लागि यो गाउँ गजबको ऐतिहासिक ठाउँ रहेको छ।

अझै चुनबाङमा रहेको भेरीडाँडा शान्ति सङग्रहालयको रूपमा युद्ध पर्यटनको विकास भइरहेको छ। यस ठाउँमा सशस्त्र युद्धमा रहेका तत्कालिन नेकपा माओवादीको केन्द्रीय बैठक भेरीडाँडामा बसी माओवादी युद्धबाट शान्ति प्रक्रियामा जाने र गणतन्त्र नेपाल स्थापना गर्ने निष्कर्ष निकालेको थियो। भेरीडाँडाको बैठक लगत्तै माओवादी शान्ति प्रक्रियामा आएको र अन्य दल पनि माओवादीको एजेन्डामा सहमत भएको मानिन्छ। त्यस कारण यस ठाउँलाई नेपालको एक महत्त्वपूर्ण ऐतिहासिक अध्ययन, अनुसन्धानको ठाउँ रहेको छ।



महत गाउँको प्रवेशद्वारमै शान्तिका अग्रदूत गौतम बुद्धको स्मारिका पनि बनाइएको छ। महत गाउँमा १० वर्षे जनयुद्धमा पटकपटक राज्य र माओवादी पक्ष बिच भिड्न्त भएको थियो। त्यसकारण महत गाउँमा दश वर्षे युद्धको अध्ययन मात्र होइन शान्तिको सन्देश पनि दिएको छ। महतको युद्ध स्मारिकामा युद्ध परिचित गराउने मुख्य लडाकुको मोडेल तयार गरिएको छ। स्याण्ड मोडल अन्तर्गत अहिले महत चौकी आक्रमणका मुख्य कमान्डर पूर्व उपराष्ट्रपति नन्दबहादुर पुन (पासाङ), भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठ लगायत अन्य सहायक कमान्डर गरी जम्मा १३ जना र प्रहरी तर्फ डिएसपी ठूले राई सहित ७ जना गरी २० जनाको स्याण्ड मोडल उतारिएको छ। भने अन्य युद्ध बेलाको युद्ध स्थलको चित्रण गरिएको छ। भूमे ३ क्याङ्सीमा रहेको जनवादी विद्यालयलाई जीवन्त अध्ययन सङ्ग्रहालय गर्रिदै छ। अहिले युद्ध स्थल तथा युद्ध तालिम केन्द्र र जनवादी विद्यालय ठाउँमा युद्ध पर्यटनका लागि थप विकास गरिनुका साथसाथै निर्माण गरिएको संरचनाको संरक्षण गर्ने काम भइरहेको भूमे ६ का वडाध्यक्ष विक्रम पुन मगरले बताउनुभयो।

उहाँको अनुसार अहिले युद्ध स्मारिका हेर्नका लागि आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन्। विभिन्न ठाउँबाट गरी दैनिक मान्छे युद्ध स्मारिका हेर्न आउने गरिराख्नु भएको वडाध्यक्ष पुनमगरको भनाइ रहेको छ। तत्कालिन माओवादीले सुरु गरेको जनयुद्धको उद्गम थलोको रूपमा रहेका रुकुमपूर्वका युद्ध पर्यटन स्थलले पर्यटकलाई पर्खिरहेको छ। स्थानीय सरकारले गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रलाई भोलिका पुस्ता र जिल्ला बाहिरका लागि अध्ययन, अनुसन्धान स्थलको रूपमा विकास गर्न सरकारले लगानी गरिरहेको भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो।

युद्धको ऐतिहास बोकेको ठाउँलाई युद्ध पर्यटनकै रूपमा विकास गरिराखिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो। युद्ध पर्यटनका लागि हरेक वर्ष स्थानीय, प्रदेश र सङ्घ सरकारले लगानी गरिराखेको श्रेष्ठको भनाइ रहेको छ। पर्यटकको मनै लोभ्याउने छुट्टै ऐतिहासिक बोकेको रुकुमपूर्व जिल्ला रहेको छ। जनयुद्धकालमा भिड्न्त भएका ठाउँ, युद्धको तयारीका लागि गरिएका तालिम केन्द्रका ठाउँको अध्ययन र लडाकु हिडेका बाटो गुरिल्ला पदमार्ग पर्यटनको विकास भइरहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। यी लगायत अन्य ऐतिहासिक सम्पदालाई थप व्यवस्थित गर्न पहलकदमी भइरहेको समेत उहाँले बताउनुभयो। ऐतिहासिक स्थलको पर्यटकीय गन्तव्य बनाउन सकिएमा भविष्यमा स्थानीयको आयस्रोतमा टेवा पुग्ने श्रेष्ठको भनाइ रहेको छ। युद्धकला देखाइएका स्थल, तालिम स्थल, ठूला आक्रमण स्थल, कम्युन, घरेलु हतियार निर्माणस्थल, जनवादी शिक्षास्थल, सुरुङ, बङ्कर, बैठक घर र युद्धका तयारी स्थलहरूको संरक्षण गर्न थालिएको छ।

युद्ध झल्काउने सामग्री नष्ट हुन नपाउन् भनेर अहिले देखि नै संरक्षण गर्न थालिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो। अध्यक्ष श्रेष्ठले भन्नुभयो, "युद्धकालमा प्रयोग गरिएका सबै सामग्री संकलन तथा संरक्षण गरेर युद्ध सङ्ग्रहालयमा राखिने छ। यसले इतिहास जान्न खोज्ने नयाँ पुस्तालाई सहयोग मिल्ने छ। भने देशी विदेशी पर्यटकहरूलाई आकर्षित गर्नेछ।"

# प्रमाणपत्र धितो राखेर बिनाब्याज शैक्षिक ऋण दिदै भूमे

***जनशक्ति उत्पादन गर्नेमा गाउँपालिकाको जोड, तर ऋण लिने विद्यार्थी न्यून***




❖ बालाराम शेर्पाली

**रुकुमपूर्व** भूमे गाउँपालिकाले गाउँपालिका भित्रका विपन्न घर परिवारका जेहन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययन सहयोग गर्नको लागि शैक्षिक प्रमाणपत्रको धितो राखेर बिनाब्याज शैक्षिक ऋण प्रवाहको व्यवस्था गरेको छ। आर्थिक वर्ष २०७७/०७८ साल देखि यो सुविधा सुरुवात भएको छ। गाउँपालिकामा विपन्न घर परिवारका विद्यार्थी र उच्च शिक्षा अध्ययन गर्नेका लागि बिनाब्याज शैक्षिक ऋण (कर्जा) दिदै आएको हो। २०७७/०७८ देखि सुरु गरिएको बिनाब्याज शैक्षिक ऋण कार्यक्रममा हालसम्म आइएससिएजी दुई जना, भेटेरिनरी दुई र डिप्लोमा सिभिल इन्जिनियरिङमा दुई र डिप्लोमा एचए एक गरेर जम्मा सात जना विद्यार्थीले मात्र शैक्षिक ऋण लिएर अध्ययन गरिरहेको गाउँपालिकाका शिक्षा युवा तथा खेलकुद शाखाका सहायक टेकबहादुर बुढाथोकीले जानकारी दिनुभयो। गाउँपालिकाले विपन्न घर परिवारका विद्यार्थी र उच्च शिक्षा हासिल गर्नेका लागि बिनाब्याजमा शैक्षिक ऋण दिने व्यवस्था गरेको छ। अहिले जम्मा सात जना रहेका छन्।

आइएससिएजीमा भूमे २ का विरु बुढा र विवेक बुढा मगर, डिप्लोमा सिभिल इन्जिनियरिङमा भूमे ५ का




निराजन कामी र प्रचण्ड बुढा मगर, भेटेरिनरी तर्फ भूमे ३ का सम्झना मल्ल र उर्मिला श्रेष्ठ, डिप्लोमा एचएमा भूमे ५ का सुप्रिया पुन मगरले शैक्षिक ऋण लिएर अध्ययन गर्नु भएको बुढाथोकीले जानकारी दिनुभयो। यसै गरी जेहेनदार तथा विपन्न घरपरिवारका विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रम मार्फत पनि गाउँपालिकाले हालसम्म उद्यम विकास सहजकर्ता तर्फ भूमे ४ का मनिषा पुन, भूमे ९ का सपना पुन, दिपशिखा पुन, सपना बुढा र विद्युत् प्राविधिकमा भूमे ८ का शिशिर रोका, भूमे २ का विपना घर्ती र अन्जना बुढा, भूमे ७ का विनज्योती बुढालाई गाउँपालिकाले छात्रवृत्तिमा पढाइराखेको गाउँपालिकाले जनाएको छ। आर्थिक अभावका कारण कुनै पनि विद्यार्थी पढाइबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले गाउँपालिकाले विद्यार्थीको शैक्षिक प्रमाणपत्रका आधारमा बिनाब्याज ऋण र छात्रवृत्ति प्रदान गर्ने व्यवस्था ल्याइएको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो। उच्च शिक्षा र प्राविधिक धारतर्फ अध्ययन गर्ने विद्यार्थीका लागि उक्त व्यवस्था बनाएको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो। यी विद्यार्थीलाई राम्रोसँग पढाएर गाउँपालिका भित्र नै उच्च शिक्षा र प्राविधिक धारतर्फ जनशक्ति उत्पादन गर्ने मुख्य उद्देश्यले बिनाब्याज शैक्षिक ऋण र छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिएको अध्यक्ष श्रेष्ठको भनाइ रहेको छ। विद्यार्थीको रुचिका विषयमा उच्च शिक्षा र प्राविधिक धारतर्फ अध्ययन गर्न चाहने विद्यार्थीका लागि गाउँपालिकाले किस्ताबन्दीमा ऋण दिने व्यवस्था रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवीलाल विकले बताउनुभयो। ऋण लिएर अध्ययन गरेको विद्यार्थीले अध्ययन पूरा गरेको एक वर्षमा २५ प्रतिशत, दुई वर्षमा ५० प्रतिशत, तीन वर्षमा ७५ प्रतिशत र चार वर्षमा ऋण चुक्ता एवं एकमुष्ट ऋण तिरिसक्नुपर्ने प्रमुख प्रशासकीय अधिकृत विकले जानकारी दिनुभयो।

# पञ्चासे-यिरनेता सडक पिचको काममा ठेकेदारको बेवास्ता

*पिच गरिएका खण्डमा पनि मर्मत सम्भार नहुँदा सडक जीर्ण बन्दै*

❖ बालाराम शेर्पाली



राष्ट्रिय गौरवको आयोजना पुष्पलाल लोकमार्ग (मध्यपहाडी) रुकुमपूर्व खण्डमा सडक पिचको काम ठेकेदारले बेवास्ता गरेको छ। रुकुमपूर्व र बाग्लुङको सिमा क्षेत्र पर्ने यिरनेता (पातीहाल्ने) देखि भूमे गाउँपालिका १ पञ्चासे सम्म १३ किलोमिटर खण्डको सडक पिचको तयारी काम ८ वर्ष पुग्दा सम्म काम कछुवाको गतिमा रहेको छ। ठेकेदारको पूरै बेवास्ता र लापरबाहीले कामले गति लिन नसकेको अवस्था हो। १३ किलोमिटर रहेको पञ्चासे यिरनेता सडक खण्डमा २०७३ जेठ १३ गते देखि २०७६ जेठ १२ सम्म काम सक्ने गरी सिद्धिसाई, महादेव खिम्ती भारत जेभीले ठेक्का लिएको थियो। तर अहिले सम्मको सडक पिचको प्रगति हेर्दा शून्य अवस्थामै छ।

सडक पिचको लागि जिम्मा लिएको ठेकेदार कम्पनीलाई पटकपटक समयमै काम सक्न ताकेता गरिराखदा पनि ठेकेदारले अटेरी गरिराखेको पुष्पलाल लोकमार्ग (मध्यपहाडी) दैलेखका कार्यालय प्रमुख अमितकुमार मण्डलले बताउनुभयो। मण्डलले भन्नुभयो, "ताकेता गरेको समयमा काम गर्ने गरेको छ। फेरी केही दिनपछि काम गर्ने छोड्ने गरेका छन्। ठेकेदार सारै अटेरी भए अटेरी गर्ने ठेकेदारलाई सरकारले कारबाही गरेमा मात्र ठेकेदारले समयमै काम गर्ने थिए। अटेरी गर्ने ठेकेदार देखि हामी पनि हैरानी परेका छौं।" सडक पिच भएको ठाउँमा समेत पहिरोले गर्दा सडक जीर्ण बन्दै छ। ठेकेदारले सडक पिच गर्ने काम सकेपनि सरकारलाई हस्तान्तरण नगर्दा सम्म मर्मत, सम्भार गर्नु पर्छ। तर सडकमा पहिरो गइरहेकोले पहिरो नहटाउँदा सडक जीर्ण अवस्था पुग्नुका साथै सडक जोखिम बन्दै गएका छन्। बाग्लुङको सिमा यिरनेता, पञ्चासे, लुगुम, काँक्री, खाबाङबगर, किमुबोट, जितखोला ,दोमही, काँडाबगर, धौलापैरा, रुकुमकोट, रुकुम पश्चिमको सीमाना खोपिचार सम्म कतै पहिरो र खाल्डाखुल्डीको कारण सडक जीर्ण अवस्था पुगेका छन्।

विभिन्न स्थानमा गत वर्ष सडकमा आएको पहिरो र भत्किएका नाला, खाल्डाखुडीले यात्रा जोखिम बढ्दै गएको छ। भत्किएका सडक मर्मत नहुँदा यात्रुवाहक सवारी साधनले सास्ती खेप्दै आएका छन्। सुविधाकै लागि भनेर सडक निर्माण गरिन्छ। सडक यात्रीको



सुविधाका लागि मात्र नभएर ढुवानी, बजारीकरण र गाउँ र सहरलाई जोड्ने माध्यम रहेको मध्यपहाडी लोकमार्ग सडक रहेको छ। लोकमार्ग मर्मत, सम्भारको लागि सम्बन्धीत ठेकेदार र योजना कार्यालयको जिम्मेवारी रहेको भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो।

सडक पूर्ण रूपमा पिच गरे पनि सरकारलाई हस्तान्तरण नगर्दा सम्म त त्यसको रेखदेख सबै काम ठेकेदार र आयोजना कार्यालयको जिम्मा हुने गरेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। तर, ठेकेदार र आयोजना कार्यालयले मर्मत नगरेकाकुनै ठाउँमा त गाउँपालिकाले मर्मत गरी सडक सुचारु समेत गर्ने गरेको उहाँले बताउनुभयो। गाउँपालिकाले सडक निर्माण समयमै सक्न र मर्मत गर्न पटकपटक मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय दैलेखलाई पत्र लेखिराखेको समेत श्रेष्ठले जानकारी दिनुभयो।

तर, उक्त पत्रको कहिले पनि सुनुवाइ नभएको उहाँले बताउनुभयोवर्षात लागेपछि गाडी गुड्ने सडक भैंसी आहाल बस्ने पोखरी बनेको छ। भने पहिरो नै पहिरो, खाल्डैखाल्डाका अवस्थामा मध्यपहाडी लोकमार्ग रहेको छ। यस विषयमा भने सम्बन्धीत निकायको ध्यान गएकै छैन्। जिल्लाको तीन वटै गाउँपालिकाको विभिन्न स्थान देखि सदरमुकाम रुकुमकोट सम्म र रुकुमकोट देखि लामो यात्रा काठमाण्डौं लगायतका ठाउँ सम्म मध्यपहाडी लोगमार्गको जीर्ण सडकको कारण जोखिम मोलेर यात्रा गर्नु परेको यात्रु सन्तोष सितिमहरले बताउनुभयो।

यस्तै बाढी र पहिरोका कारण सडक ठाउँठाउँमा भत्किएको सडक मर्मत हुन नसक्दा यात्रुलाई आसारपोसार गर्न असहज भएको अटो चालक मदन सुनारले दुखेसो पोख्नुभयो। एक, दुई वर्ष पहिले आएको बाढीपहिरो अझैसम्म मर्मत नहुँदा यात्रा गर्दा जोखिम मोल्नु परेको सुनारले बताउनुभयो। "सडक मर्मत, सम्भार गर्ने कसैको ध्यान पुगेको छैन्, ध्यान दिने कस्ले हो, सरकारले किन ध्यान दिदैनन्," सुनारले सुनाउनुभयो।

# ओझेलमा “बैला सम्धी” गुफा

## *तत्कालिन चौबिसे राज्यका सैनिकहरू उक्त गुफामा लुकेर बस्ने गरेको इतिहास*

## *ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको करिव ३६ मिटर गहिराइमा रहेको*





❖ बालाराम शेर्पाली

रुकुमपूर्व भूमे गाउँपालिका ९ स्थित चुनबाङमा पर्ने “बैला सम्धी” गुफा उचित व्यवस्थापन, संरक्षण र प्रचारप्रसारको अभाव हुँदा ओझेलमा परेको छ। भूमे ९ चुनबाङमा “बैला सम्धी” गुफा नामक अद्भुत गुफा रहेको छ। झुप्प परेको जङ्गल भित्र ३६ मिटर जमिन मुनीको गहिराइमा चमेरा बस्ने गुफाको रहस्य निकै फरक रहेको छ। नेपाल एकीकरणका बेलामा तत्कालिन चौबिसे राज्यका सैनिकहरू उक्त गुफामा लुकेर बस्ने गरेको इतिहास समेत रहेको स्थानीय कमानसिंह पुनले बताउनुभयो। चुनबाङको गैरीगाउँ बजार देखि करिब एक घण्टाको पैदल यात्रा पश्चात् त्यहाँ पुगिन्छ। गुफाभित्र चाँदी जस्तै टलक टल्किने विभिन्न आकृतिका ढुङ्गा छन्। पुनका अनुसार अहिले पनि गुफा भित्र ३० मिटरसम्म जान सकिने बताउनुभयो। २०६९ सालमा यस गुफालाई संरक्षण गर्न संसद् विकास कोषबाट ५० हजार रुपियाँको बजेटले गुफा पुग्ने गोरेटो बाटो निर्माण गरिएको थियो।

घना जङ्गलको बिचमा भएको गुफालाई पूर्वाधार निर्माण गरी प्रचारप्रसार गर्न सकेमा पर्यटनको राम्रो सम्भावना बोकेको स्थल रहेको पुनले बताउनुभयो। चुनबाङमा "बैला सम्धी" गफा मात्र होइन धेरै घुम्न लायक र अध्ययन



अवलोकन गर्ने धेरै स्थल छन् । गैरीगाउँदेखि उकालो लाग्ने हो भने दलित नमुना बस्ती, तीन बहिनी लेक, माओवादीको चर्चित केन्दीय बैठक बसेको भेरीडाँडामा शान्ति सङ्ग्रहालय लगायत धेरै स्थानहरूमा रमाउन र अध्ययन गर्न सकिने स्थल रहेको भूमे ९ का वडाध्यक्ष विनोद बुढाले बताउनुभयो। गाउँपालिकाको केन्द्र खाबाङबगर देखि चुनबाङ सम्म पुग्न निकै टाढा रहेको छ। वडाध्यक्ष बुढाले भन्नुभयो, "भौगोलिक हिसावले पनि ठूलो रहेको छ। हेर्दा अनेक देखिन्नछ। तर चुनबाङमा स्थानीय सरकार गाउँमा आएको ७ वर्ष पूरा नहुँदै विभिन्न बस्तीमा खानेपानी, स्वास्थ्य, शिक्षा, यातायात र दूरसञ्चार, रोजगारमूलक व्यावसाय, पशुपालन, कृषिमा आधुनिकीकरणमा जोड दिएका छौं।" आन्तरिक तथा बाह्य पर्यटकका लागि पर्यटकको मनै लोभ्याउने ऐतिहासिक, साँस्कृतिक तथा धार्मिक क्षेत्रको पनि प्रख्यात रहेकोले पर्यटन क्षेत्रलाई अगाडि बढाइ राखेको वडाध्यक्ष बुढाको भनाइ रहेको छ ।

# विद्यार्थी स्कुलबाट भागेर घर जाने होइन् , बरु घरबाट भागेर स्कुल आउने वातावरण सिर्जना गर्नु पर्छ : प्रअ आचार्य



*शहिद शुक्र मावि भूमे -३ सिमाका प्रअ अनिल आचार्य*

**समग्रमा विद्यालयको शैक्षिक अवस्था कस्तो छ ?**

शहिद शुक्र माध्यमिक विद्यालय भूमे गाउँपालिका ३ सीमा वि.सं. २०३४ सालमा स्थापना भएको हो। अहिले शिक्षा मानव विकासको प्रमुख आधार भएकोले शिक्षा क्षेत्रलाई प्रभावकारी र गुणस्तरीय बनाउनको लागि शिक्षा अनिवार्य निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क रहेको हुन्छ। शिक्षाको गुणस्तर सुधारका बारेमा व्यापक रूपमा आवाज उठान जरुरी रहन्छ। किन भने सबै भन्दा ठूलो शिक्षा हो। विद्यालयमा शैक्षिक गुणस्तरको विषय सरोकारवालाको आम चासोको विषय रहेको छ। शिक्षा गुणस्तर सुधारमा हामी अहोरात्र खति रहेका छौं। बालबालिकाको सिकाइ उपलब्धी दिनानुदिन अगाडि बढाउन सकेसम्म भरपर्दो शिक्षण सिकाई हामी जुटेका छौं। विद्यालयको शैक्षिक अवस्था खस्किदो होइन वृद्धि तर्फ गति परिवर्तन भइरहेको छ। सुधार्न हरपल प्रयासमा छौं।

**विद्यालय व्यवस्थापन समितिको सक्रियता कस्तो छ ? शिक्षा सुधार्न सबै भन्दा महत्वपूर्ण भूमिका कस्को रहन्छ?**

विद्यालय व्यवस्थापन समितिले विद्यालयमा भएको व्यवस्थानपन र गर्न निकै अग्रसर भएर विद्यालय व्यवस्थापन समिति भनेको विद्यालयको पहिलो आधार रहन्छ। शहिद शुक्र माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जोगबहादुर पुनले काम कर्तव्य र अधिकार वुझेर शिक्षक संगसंगै विद्यालयमा उपस्थित भएर हरेक विषयमा निकै सहकार्य गरेर अगाडि बढ्ने साहास हामी सम्पूर्ण शिक्षकलाई मिलेको छ। शिक्षा सुधार्नको लागि सबै भन्दा महत्वपूर्ण भूमिका भनेको शिक्षकको नै रहेको हुन्छ विद्यालयलाई हेर्ने दृष्टिकोण फरक किन भने यसमा समय समयमा सरोकारवाला निकायको ध्यान विद्यालय परिवारको ध्यान र अभिभावकको सबैले आफ्नो निकाय देखि ध्यान पुगेमा विद्यालयमा भएको कमीमजोरीलाई सच्यार गएमा शिक्षा सुधार्न सकिन्छ। भने जस्तो शिक्षा आजका कलिला मुनालाई जग देखि नै बलियो पिलर उठेमा विश्वको जुनसुकै स्थानमा गएर सिंढी चढ्न सकिन्छ।

**बालमनोविज्ञानको आकर्षणको केन्द्र निर्माण गर्न के गर्नु पर्ला ?**

विद्यालय भनेको ज्ञानरुपी सागर र गुरुरुपी मन्दिर हो। किताबसँगै रम्न सिकाउने अनि कर्म गर्न सिकाउने थलो हो। विद्यालय सुन्दर फूलको बगैंचा हो। जहाँ हजारौं कोपिला फक्रीएर सुगन्ध छर्न तछाडमछाड गरिरहेका हुन्छन्। विद्यालयको वातावरण हरियाली, आनन्ददायक, र शान्तिप्रिय हुनुपर्छ। विद्यार्थी स्कुलबाट भागेर घर जाने होइन् बरु घरबाट भागेर स्कुल आउने वातावरण सिर्जना गर्नु पर्छ तर विद्यालय भौतिक रूपले सम्पन्न हुनुपर्छ।

**नियमित विद्यालय अनुगमन तथा सुपरिवेक्षणले विद्यालय नतिजा कस्तो आउला ? यस वर्षको नतिजा कस्तो देखियो ?**

विद्यालयको समग्र शैक्षिक गतिविधिलाई चलायमान बनाउनको लागि नियमित अनुगमन तथा सुपरिवेक्षण महत्वपूर्ण रहेको छ। नियमित अनुगमनले देखाएको गल्तीलाई सुधार गर्ने मौका मिल्छ। कतिपय विद्यालयमा शिक्षकको पनि कमजोरी देखिन्छ। विद्यार्थीले खोजे जस्तो पठनपाठन नहुने परिपाटी छ। विद्यालय हाता भित्र मद्यपान, लागुपदार्थ सेवन गरेको यस विद्यालयमा मात्र होइन भूमेको सन्दर्भमा धेरै रहेको छ। त्यस्ता शिक्षकलाई कारबाहीको दायरमा ल्याउन जरुरी देखिन्छ। शिक्षा समिति एवम्म् सरोकारवाला निकायबाट विद्यालयको नियमित अनुगमन, सुपरिवेक्षण, पृष्ठपोषण तथा सहायता हुन आवश्यक छ। विद्यालयको अनुगमनमा कक्षा कोठाको अवस्था, शैक्षिक सामग्रीको उपलब्धता, शिक्षकको नियमितता, भौतिक अवस्था, विद्यालय व्यवस्थापन समितिको सक्रियता, समुदायको सहयोग र विद्यार्थीको सिकाइ उपलब्धी जस्ता विषयसँगै दस्तावेजीकरण र प्रशासनिक अवस्थाको अनुगमन तथा पृष्ठपोषणको माध्यमबाट शिक्षक, विद्यार्थी, अभिभावक, विव्यस र शिअसलाई सक्रिय र चलायमान छ कि छैन भनेर निहाल्न जरुरी छ। यस वर्षको माध्यमिक शिक्षा कक्षा १० को परीक्षा सन्तोष जनक नै रहेको छ। विद्यार्थीले शत प्रतिशत नतिजा नल्याउनुको कारण शिक्षक र विद्यार्थी दुबैको कम्मजोरी हो।

**शिक्षकले कतै विद्यालयमा हाजिरी मात्र लगाउने झारा तार्ने कार्य मात्र त भएको छैन् ?**

विद्यालयमा शिक्षाको गुणस्तर बढाउन शिक्षकहरूको पेसागत दक्षतामा अभिवृद्धि हुनुपर्छ। शिक्षकमा भएको प्राप्त ज्ञान र सिपको कक्षाकोठामा उचित प्रयोग हुन सकेको खण्डमा शिक्षण सिकाइ प्रभावकारी हुन्छप्रभावकारी शिक्षण सिकाइका लागि शिक्षकहरूलाई निरन्तर रूपमा प्रदान गरिने प्राविधिक सहयोगको ठूलो भूमिका शिक्षकमा रहन्छ।

प्रभावकारी प्राविधिक सहयोग सहितको शिक्षण सिकाइबाट नै गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सकिन्छ। शिक्षकलाई पेसागत रूपमा अझै क्षमता वृद्धि गर्न नयाँ सामग्री र नयाँ शिक्षण पद्धतिको प्रयोगमा बालबालिकाको पढाइ र लेखाइ सिपको विकासमा सहयोग गर्न शिक्षकहरूको कक्षा अवलोकनसँगै आधारभूत तहका लागि माध्यमिक तहका शिक्षक र माध्यमिक तहका लागि माध्यमिक तहका विज्ञ शिक्षकको आवश्यक्ता रहेको छ। अहिले २१ औं सताब्दिमा नयाँ प्रविधी, पाठ्यक्रम, शिक्षण गर्ने सकेमा विद्यालयले नतिजा राम्रो ल्यान सक्छ।

**शैक्षिक सामग्रीको उपलब्धता कस्तो छ ?**

अधिकांश बिद्यालयमा केवल पाठ्यक्रममा आधारित पाठ्यपुस्तकको भरमा मात्र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको छ। यो सबैलाई यथावत नै कुरा हो। विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापका लागि पहिलेको शिक्षा र अहिलेको शिक्षा फरक रहेको छ। पहिले कम्प्युटर विषय थिएन। पहिलेको शिक्षकलाई कम्प्युटरको प्राप्त ज्ञान छैन्। गाउँपालिकाले हेरक विद्यालयमा नयाँ प्रविधिसँगै जोड्न कम्प्युटर उपलब्ध बनाएको छ। प्रयाप्त शैक्षिक सामग्री हुँदा विद्यार्थीलाई प्रयोगात्मक सिप हासिल गर्न पनि सहज हुन्छ।

विद्यालयमा न्यूनतम रूपमा पुस्तकालय, कम्प्युटर ल्याब, विषयगत प्रयोगशाला रहेको छ। तर विषयगत शिक्षक नहुँदा कम्प्युटर विषय पढाउन विद्यालयमा निकै समस्या हुने गरेको छ।

**विद्यालयमा भौतिक पूर्वाधारको अवस्था कस्तो रहेको छ ?**

विद्यार्थीलाई विद्यालय घर र समुदाय भन्दा फरक होस भन्ने इच्छा चाहानालाई स्थानीय सरकारले बुझेर विद्यालय र कक्षा कोठाको वातावरण पढ्न र सिक्नका लागि अभिरुचि पैदा गर्ने किसिमको भवन निर्माण भइरहेको छ। यस वर्ष मात्रै प्रदेश सरकारबाट दुई तलाको पक्की भवन निर्माण भएको छ। चमेना गृह, स्वच्छ पिउने खानेपानी, शौचालय र बालबालिका मैत्री खेलकुद मैदान रहेको। नै तर विद्यालयलाई हरियाली वातावरण, सफा र सुन्दर बनाउन घेरबार गर्न आवश्यक्ता रहेको।

**समय समयमा अभिभावकको सहभागिता कतिको छ ? विद्यालयमा अतिरिक्त क्रियाकलाप कतिको जोड दिनु भएको छ ?**


भूमे ३ स्थित सीमा रहेको शहिद शुक्र माध्यमिक विद्यालयमा कक्षा ९, १० मा ४ वटा गाउँका विद्यार्थी पढ्न आउने गर्दछ। भने कक्षा ११, १२ मा खाबाङ, काँडा लगायत विभिन्न स्थान देखि विद्यार्थी यस विद्यालयमा पढ्न आउने गर्दछन।

अभिभावकको सहभगिता अत्यन्त न्यून रहेको छ। विद्यालयमा हुने शैक्षिक गतिविधिमा अभिभावकले आफ्नो बाबु नानीको पढाईको बारेमा समय समयमा आएर बुझ्न जरुरी रहेको छ। हामीले शुक्रबारे कार्यक्रम गर्नको लागि विद्यार्थीलाई विद्यालय भित्र नै प्रतिस्पर्धी बनाउनको लागि यस विद्यालयमा हरेक शुक्रबार कहिले हाजिरी जवाफ कहिले वक्तृत्वकला प्रतियोगिता, हिसाब डौड, वडा कार्यालयको बजेट विनियोजन गरेर वडा स्तरीय रनिङ शिल्ड प्रतियोगिता र विभिन्न दिवसका अवसरमा विविध कार्यक्रम आयोजना गर्ने गरेका छौं।

**अन्तका मैले सोध्न छुटेका कुनै कुरा छन्** ?

अन्तमा शहिद शुक्र माध्यमिक विद्यालयको शिक्षाको बारेमा केहि कुरा राख्न दिएर आम पाठक वर्गलाई सुसुचित गराउने अवसर दिनु भएकोमा भुमे साप्ताहिक पत्रिकालाई मेरो व्यक्तिगत तथा विद्यालयको तर्फबाट हार्दिक धन्यवाद दिन्छु।

## रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना



भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. (शिक्षा प्रशासन)०८१/०८२
सू.नं.: ५

मिति: २०८१/०४/१६

श्री यो जससंग सम्बन्धित छ।

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

प्रस्तुत विषयमा रुकुम (पुर्व) जिल्ला, भूमे गाउँपालिका अन्तर्गत श्री शहिद शुक्र माध्यमिक विद्यालय भूमे-३,सिमामा रिक्त रहेको निम्न माध्यमिक तह अंग्रेजी विषयको शिक्षक पदमा सरुवा प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं.००८ मिति २०८१/०४/१५ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सुचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका,२०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना shahidshukrasecondari@gmail.comमार्फत समेत निवेदन पेश गर्न सकिनेछ । सम्पर्क नं.९८६८८१५०९०, ९८४४९७३०४०

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:-
श्री शिक्षा विकास तथा समन्वय इकाइ रुकुमकोट रुकुम (पूर्व) (तहाँ इकाइको web site मा up load गरी केन्द्रमा समेत पठाउन हुन)
श्री शहिद शुक्र माध्यमिक विद्यालय भूमे-३, सिमा रुकुम (पुर्व)।(सूचना टाँस गरी प्राप्त निवेदन दर्ता गर्न हुन)
श्री सूचना तथा अभिलेख केन्द्र web site मा up load गर्न हुन।

इमेल: bhumemun@gmail.com/edu.bhumemun@gmail.com वेबसाइट: www.bhumemun.gov.np

# सिमा गाउँमा पृथक संस्कृति हरेली पर्व




❖ तिलक रोका मगर

नेपाल विविध साँस्कृतिक, विविध भाषिक र विविध जातित्वले ओगटेको देश हो। जहाँ अनगिन्ती पर्यटन बोकेको ठाउँ पनि हो। संस्कृति मानव सभ्यतासंग जोडिएको छ त्यही सभ्यतासंग जोडिएको रुकुम पूर्व भूमे गाउँपालिकाको एक संस्कृति हो।

***हरेली सीमा गाउँ विस्तारको इतिहास***

जतिखेर मानवको उत्पत्ति भयो मानिस घुमन्ते जीवन संगै खोलानाला, वनजंगल र ओडारहरुमा वसेर आफ्ना जीविकोपार्जन गरेको इतिहास प्रशस्तै भेटिन्छ। जतिखेर घुमन्ते जीवन थियो त्यतीखेर कुनै ठुला झुप्प गाउँको विस्तार भएको थिएन, त्यही समयमा पानि जोख्दै, पारीलो घाम खोज्दै सीमा गाउँको तल्लो भेग सीममा मैकोईवाट आएको राँगु पोनले आफ्नो वसाई विस्तार गर्छन्। केही समय पछि कारीवाट रामजाली रोका र केही दलीत पनि त्यही ठाउँमा वसाई गर्न आउछन्। केही वर्ष पछि पोन,बुढा, रोका र दलित वस्ति वसेको तल्लो टाकुरीमा मगर राजा वसेको हुन्छ। खोलाको छेउ र वस्न अलि अप्थ्यारो ठाउँ भएकोले सो मगर राजा आफ्ना दल वलका साथ सीमको माथी भूईचाले भन्ने ठाउँमा दरवार वनाएर वस्छन्। समय वित्दै जान्छ राजा राहुका दुई भाई छोरा सहित सवै दल वलको खस राज्यले आक्रमण गरि भूईचालेवाट लखेत्दै राजा राहुलाई त्यही सीम वस्तिको नजिक धनुष वाणले निर्ममता पूर्वक हत्या गरि सम्पूर्ण वंश नाश गरिदिन्छन्। राजा राहू बाँसको भित्र लुकेर बसेको बेला खस राज्यको धम्किले एक बुढा मगरले सिकाएत गरेको कारण राजा राहु पनि मारिएको कुरा

वताउनु हुन्छ। सीमा गाउँका जान्कार उदिम पुन मगर। समय वित्दै जाने क्रममा त्यस सीमको वस्तिमा दिन प्रतिदिन मानिस बिरामी हुन्छन्। कारीवाट आएका झाँक्री कम्फु रम्माले यो ठाउँमा राजा राहू थानीको रुपमा प्रेत रुपधारण गरेकोले सो वस्ति सार्नु पर्ने भन्छन्। उनी सीमा गाउँलाई वचाउन हर प्रयास गर्छन अन्तमा समस्या पत्ता लगाएपछि खेतको मुनी छहरामा गएर वलप हुन्छन्। गाउँका वुद्धीजीविको सल्लाह वमोजिम सीमको वस्ति सवै गाउँको माथि सार्ने निर्णय हुन्छ। वस्ति सार्नुको कारण बसेको वस्ति उब्जिलो हुने, गर्मीका कारण औंलो रोग लाग्ने र अर्को प्रेतले नसतावस भन्नु नै थियो।

### *हरेली पर्वको इतिहास*

तल्लो सीमवाट आफ्नो वसाई माथिल्लो भेगमा सारेपछि तल्लो सीमको वरीपरि सवै खेत वनाउँछन्। खेतमा विउ जमाउन समय जेठको पहिलो हप्ता हुन्छ, बिउ जमाईसकेपछि असारको पहिलो हप्ता धान रोपी सक्नु पर्थ्यो तर त्यस पटक भने पानी परेन र भैरम खोलावाट लिएको पानीले बिउ जमाउनलाई मात्र पुग्यो। सामान्य परेको पानीले खेतको वरीपरि मात्र हरियाली भयो भने खेत भने खाली भयो। यसरी खेत नाङ्गै भएपछि गाउँको सर सल्लाह वमोजीम जल देवता र भूमी देवतासंग पानि माग्छन्। सयरी भूमी पुजा र जल पुजा गरेपछि श्रावणकोदपहिलो हप्ता पानि पर्छ र खेत लगाएपछि श्रावणको दोस्रो हप्ता खेत सवै हरियाली वन्छ। त्यसै समयदेखी गाउँका मुखिया भद्र भलाझीको सर सल्लाह वमोजिम १५ गतेदेखी २१ गते सम्म जुन दिन आईतवार पर्छ त्यही दिन भूमे पुजा गर्दै हरेली पर्व मान्न शुरु गरिएको इतिहास वताउनु हुन्छ सीमाको जान्कारहरु हरेली पर्व हरियालीवाट नामाकरण भएको पाईन्छ। हरेली भनेको हरियो, हराभरा भन्ने वुझिन्छ। सीमवाट आफ्नो बस्ति विस्तार गरेको कारण सीमवाट सीमा गाउँको नामाकरण भएको कुरा वताउनु हुन्छ जान्कारहरु।

### *कसरी गरिन्छ भूमे पुजा*

भूमे पुजा अन्य ठाउँमा एक पटक गरिन्छ भने सीमा र क्याङसी गाउँमा भने २ पटक गरिन्छ। यसको पनि आफ्नै इतिहास छ। जेठ मसान्तको दिन वा असारको एक गते पनि भूमे पुजा गरिन्छ त्यो भूमे पुजा वाढी पहिरो वाट वच्न, रोग व्यादी हताउन र वालिनाली राम्रो हुन गरिन्छ भने यस पटकको भूमे पुजा भने पाकेको वालिमा किरा फट्याङ्ग्रा, मुसाले वालीनाली क्षती नगरुन भनी गरिन्छ। अर्को कुरा वालिनाली पाकेपछि वालीनाली वनाउन खेत वारीमा गएको वेला सर्प, छेपारो,विछी, गंगतो आदीले मानिसमा कुनै क्षति नगरुण भनेर गरिन्छ।

तसर्थ यस समयको पुजामा जमिन संगै जमिन भित्र वस्ने किरामिरा र साँप सर्प सवैलाई पुजा गर्ने चलन छ। सिमा गाउँको भूमे पुजा वा हरियाली पर्व भने पृथक छ। श्रावण महिनाको शुरुवाट संगै जव श्रावणको १५ देखी २१ गते सम्म आइतवार आउछ त्यही अघिल्लो शनिवारका दिन खेत वारीमा भोकर वा थारम गाड्ने चलन छ। भोकर कुनै गाउँमा मिहेल र कुनै गाउँमा भलायोको वनाइन्छ। भोकरमा चारे ढुँगा र कालो रातो सेतो ध्वजा राख्ने गरिन्छ। मिहेलको हाँगा खेतको लागि हुन्छ भने ध्वजा अदृश्य शक्ति प्रेतको लागि हुन्छ। त्यहि दिन साँझ प्रत्यक घरमा विभिन्न नानावाना ना इन्छ। नानावाना भन्नाले मानव जीवनमा उपयोग हुने हतियार देखी लिएर मुसा, विरालो, विछ्, सर्प, ढ्याङ्ग्रो, धनुष, मत्याङ्ग्रा आदी वनाइन्छ। प्रत्यक घरमा नानावाना वनाउने वेला पञ्च घरमा भने सवै जम्मा भएर हरेलीको इतिहासको कुरा गर्दै नानावाना वनाउने चलन छ। भोली पल्ट विहानै हातमा लिङजा, धुप, कुखुरा, लिएर पुरुष मान्छे खेत झर्छन् भने महिला रोटी रक्सी लिएर खेत झर्छन्। केही समय पछि खेतमा सवैले कुखुराको वलि दिदै भूमे पुजा गर्छन् भने दमाहादक पनि एक छेउमा



दमाहा वजाउछन्। खेतमा पुजा गर्ने वेलामा राजा राहुलाई कुनै मानवीय क्षती नगर्नु भनेर मनाउछन् भने कम्फु रम्मालाई पनि तिम्रा लाला वाला जोगाइदिनु भनेर मनाउछन्।

पुजा गरेको केही समय पछि सवै पुजारी एकै ठाउँमा जम्मा हुन्छन् र सवैले आफ्ना रोटी रक्सी एक ठउँमा जम्मा गरी वाँडेर खाई सकेपछि गाउँका केही व्यक्ति भूमी देवतासंग वर माग्ने चलन छ जुन मागेको हो त्यो मनोकाँक्षा पुरा हुने जनविश्वास छ। बर माग्ने वेला निसन्तानले सन्तानको बर माग्ने, सन्तान भएपनि छोरा नहुनेले छोराको बर माग्ने र कोही विवाह गरेको छैन भने स्वास्नी बर माग्ने चलन छ। बर मागेकालाई गाउँका जान्ने मान्नेले फुल पाती लगाएर घर सम्म वोकेर लैजाने चलन छ।

### *नाचगान संग जोडिएको हरेली*

रुकुम रोल्पाको सवै भेगमा हरेली पर्व मानेको सुनिदैन, सीमामा मात्रै हरेली पर्व हुने भएकोले सवै गाउँका मान्छे मेला हेर्न आउछन्। यस मेलाको प्रमुख आकर्षक भनेको भूमे पुजा र नाचगान हो। नाचमा खन्जना नाच, पैशरु नाच,नचारु नाच, झोरा नाच र फाँक नाच नाच्ने चलन छ। यो मेला ३ दिन सम्म

धुमधामको साथ मनाउने चलन परापूरवकालदेखी मनाउदै आएको पाईन्छ।

**किन नाचिन्छ त जेठ असारमा नाच्ने नाच श्रावणमा**

तपाई हामीले कुनै किताव वा पत्र पत्रिकामा पढ्छौ, भूमे नाच असारको महिना वन्द हुन्छ।हो यसको लामो ईतिहास छ भूमे पुजा जतिखेर पायो त्यतिखेर नाच्न मिल्दैन।तर श्रावणको महिन भने नाच्न मिल्छ।हामी श्रावणको १ गते राँख्या सकराती मानेपछि गाजावाजा सवै फुकाउने चलन छ।नचारु र झोरा नाच यदी चैते दशैमा सो नाच फुकाइएन भने यही श्रावणको १ गते फुकाउने चलन छ।संग संगै भूमे नाच पनि नाच्ने चलन छ।भूमे नाच भित्रको खन्जना चाला यस अवसरमा वढी नाचेको पाईन्।अर्को कुरा हामी प्रकृति प्रेमी हौ।हामी आफ्नो कारणले प्रकतिलाई नोक्सान गराउन चाहान्नौ पनि।जमिन भित्र वस्ने सर्प,लगाएत अन्य जीव जन्तु श्रावणको मिहिना सम्म वाहिर नै हुन्छन।भदौ महिनादेखी जाडो शुरु हुने भएकोले यी किरामिरा सर्प सवै माटो मुनी जाने भएकोले दमाहाले जमिन मुनी वस्ने जीवलाई असर गर्ने भएकोले लामो समय सम्म दमाहा वजाउन वन्द हुन्छ।पछिल्लो समय भने आधुनिकताले मौलिकता हराउदै गएको छ।त्यसैमा सवैको ध्यान जान पनि आवश्यक ठान्दछु।

*लेखक : तिलक रोका मगर उहाँले सास्कृतिको जर्गनामा चासो राखुहुन्छ।*

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रूकुम पूर्वको सूचना

**पूर्ण सरसफाइ प्राप्तिको लागि निम्न कुरा अबलम्बन गरौं।**

- **दिसा पिसाबका लागि चर्पीको मात्र प्रयोग गरौं।**
- **दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र**
- **खाना खानु अघि साबुनपानीले राम्रोसँग हात धुने गरौं।**
- **घरायसी तहमा पिउने पानी को सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरौं।**
- **व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।सुरक्षित खानाको प्रयोग गरौं ।**
- **घरभित्र र बाहिरका तरल, पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरौं।**

# सामुदायिक बीउ बैंकको महत्व

❖ स्वतन्त्रराज चौधरी

***परिचय*** सामुदायिक बीउ बैंक किसानहरूको समुदाय वा स्थानीय संस्थाद्वारा व्यवस्थित गरिएको स्थानीय संस्था हो जसले बीउको सङ्कलन, संरक्षण र वितरणमा ध्यान केन्द्रित गर्दछ, विशेष गरी परम्परागत र स्थानीय रूपमा अनुकूलित बाली किस्महरू। यी बीज बैंकहरूले कृषि जैविक विविधता कायम राख्न, बीउ



सुरक्षा सुनिश्चित गर्न र स्थानीय किसानहरूलाई सशक्तिकरण गर्न महत्त्वपूर्ण भूमिका खेल्छन्। सामुदायिक बीउ बैंकहरूले कृषि जैविक विविधता, दिगोपन र लचिलोपनको संरक्षण र प्रवर्द्धन गरी परम्परागत प्रजातिहरूको संरक्षणः सामुदायिक बीउ बैंकहरूले परम्परागत, विरासत, र रैथाने बाली प्रजातिहरू जोगाउन मद्दत गर्छन्, जुन स्थानीय वातावरणीय अवस्थाहरूमा प्रायः लचिलो हुन्छन्। आनुवंशिक क्षरणको रोकथामः यसले आनुवंशिक विविधताको हानिलाई रोक्छ जुन व्यावसायिक, एकसमान बीउ प्रजातिहरूको व्यापक प्रयोगबाट हुन सक्छ। ***खाद्य सुरक्षा र सार्वभौमसत्ता*** विभिन्न बीउहरूमा पहुँच प्रदान गरेर, सामुदायिक बीउ बैंकहरूले स्थानीय खाद्य सुरक्षा र सार्वभौमसत्ता बढाउँछन्, समुदायहरूलाई आफ्नै खाना उत्पादन गर्न सक्षम बनाउँछन्। जलवायु परिवर्तनको लागि अनुकूलनः विभिन्न बीउ प्रजातिहरूले समुदायहरूलाई प्रतिकूल मौसममा पनि स्थिर खाद्य उत्पादन सुनिश्चित गर्दै परिवर्तनशील जलवायु परिस्थितिमा अनुकूलन गर्न मद्दत गर्न सक्छ। ***आर्थिक लाभहरू*** किसानहरूले महँगो व्यावसायिक बीउ खरिद गर्नुको सट्टा सामुदायिक बीउ बैंकबाट बीउ प्रयोग गरेर बीउ लागतमा बचत गर्न सक्छन्। यसले व्यावसायिक बीउ कम्पनीहरूमा किसानहरूको निर्भरता घटाउँछ, आत्मनिर्भरता र स्थानीय आर्थिक लचिलोपनलाई बढावा दिन्छ। ***दिगो कृषि प्रवर्द्धन*** एग्रोइकोलॉजिकल अभ्यासहरूः सामुदायिक बीउ बैंकहरूले स्थानीय रूपमा अनुकूलित प्रजातिहरूको प्रयोगलाई बढावा दिएर दिगो खेती अभ्यासहरूलाई प्रोत्साहन दिन्छन् जसलाई प्रायः कम रासायनिक इनपुटहरू चाहिन्छ माटो स्वास्थ्य र परिस्थितिको सामुदायिक बीउ बैंकहरू द्वारा समर्थित विविध फसल प्रणालीहरूले माटोको स्वास्थ्य र जैविक विविधतालाई सुधार गर्न सक्छ, जसले थप लचिलो पारिस्थितिकी तंत्रहरूलाई नेतृत्व गर्न सक्छ।

***सांस्कृतिक र ज्ञान संरक्षण*** परम्परागत ज्ञानः तिनीहरूले बीउ बचत, रोपण, र बाली व्यवस्थापनको बारेमा परम्परागत ज्ञानको संरक्षण र प्रसार गर्न मद्दत गर्दछ, जुन प्रायः पुस्ताहरूबाट पारित हुन्छ। सांस्कृतिक सम्पदाः धेरै परम्परागत बाली

प्रजातिहरूको सांस्कृतिक महत्व छ, र तिनीहरूको संरक्षणले कृषि समुदायको सांस्कृतिक सम्पदालाई कायम राख्न मद्दत गर्दछ। बीउ बैंकको प्रबन्धले सामुदायिक सहयोगलाई बढावा दिन्छ र सामाजिक बन्धनहरूलाई बलियो बनाउँछ, किनकि किसानहरूले बीउ संरक्षण र साझेदारी गर्न सँगै काम गर्छन्। सशक्तिकरणः उनीहरूले किसानहरू, विशेष गरी महिलाहरूलाई सशक्त बनाउँछन्, उनीहरूलाई निर्णय प्रक्रियामा संलग्न गराएर र कृषि जैविक विविधता कायम राख्न उनीहरूको भूमिकालाई मान्यता दिएर सहभागितामूलक प्रजननः सामुदायिक बीउ बैंकहरूले प्रायः सहभागी बिरुवा प्रजनन परियोजनाहरूमा अनुसन्धान संस्थाहरूसँग सहकार्य गर्छन्, जसले स्थानीय आवश्यकताहरू पूरा गर्ने नयाँ प्रजातिहरू विकास गर्न मद्दत गर्दछ। इनोभेसन हबहरूः तिनीहरूले दिगो कृषिमा नवाचारको लागि केन्द्रको रूपमा सेवा गर्छन्, विभिन्न बालीहरू र खेती प्रविधिहरू प्रयोग गरेर। सुरक्षित आनुवंशिक विविधताले कृषक समुदायहरूलाई जलवायु परिवर्तन, कीटहरू र रोगहरूसँग राम्रोसँग अनुकूलन गर्न मद्दत गर्न सक्छ। इकोसिस्टम सेवाहरूः विविध कृषि प्रणालीहरूले पारिस्थितिकी सेवाहरू जस्तै परागण, कीट नियन्त्रण, र पानी नियमनमा योगदान दिन्छ।

**सामुदायिक बीउ बैंकको भूमिका**

सामुदायिक बीउ बैंकहरूले धेरै महत्त्वपूर्ण भूमिका खेल्छन् जसले कृषि समुदायहरूको दिगोपन र लचिलोपनमा योगदान गर्दछ। सामुदायिक बीउ बैंकहरूले यी आनुवंशिक स्रोतहरू भावी पुस्ताहरूका लागि उपलब्ध छन् भनी सुनिश्चित गर्दै स्थानीय र परम्परागत बीउ प्रजातिहरूको संरक्षण र संरक्षण गर्छन्। यसले कृषि जैवविविधता कायम राख्न र बहुमूल्य बिरुवाको आनुवंशिकताको हानिबाट जोगाउन मद्दत गर्छ। तिनीहरूले किसानहरूलाई दुर्लभ र परम्परागत प्रजातिहरू सहित विभिन्न प्रकारका बीउहरूमा पहुँच प्रदान गर्छन्। यो पहुँच स्थानीय वातावरणीय अवस्था र खेती गर्ने अभ्यासहरूसँग राम्रोसँग उपयुक्त बाली रोप्नको लागि महत्त्वपूर्ण छ। ***बीउ आदानप्रदान र बाँडफाँड***

सामुदायिक बीउ बैंकहरूले किसानहरू बीच बीउको आदानप्रदान र साझेदारीलाई सुविधा दिन्छ। यसले लाभदायक गुणहरूको प्रसारलाई बढावा दिन्छ र किसानहरूलाई नयाँ र सुधारिएको बीउ प्रजातिहरूमा पहुँच गर्न मद्दत गर्दछ। ***ज्ञान र सीप स्थानान्तरण*** शिक्षा र तालिमको केन्द्रको रूपमा काम गर्छन्, जहाँ किसानहरूले बीउ बचत, भण्डारण, र दिगो कृषि अभ्यासहरू बारे सिक्न सक्छन्। ज्ञानको यस स्थानान्तरणले किसानहरूको आफ्नै बीउ स्रोतहरू प्रभावकारी रूपमा व्यवस्थापन गर्न क्षमता निर्माण गर्न मद्दत गर्दछ। स्थानीय रूपमा अनुकूलित बीउहरूको प्रयोगलाई प्रोत्साहन दिई र रासायनिक इनपुटहरूमा निर्भरता घटाएर दिगो कृषि अभ्यासहरूलाई बढावा दिन्छ। यसले स्वस्थ माटो, वातावरणीय प्रभाव कम गर्न र दीर्घकालीन उत्पादकतामा सुधार ल्याउन सक्छ।

***किसानहरूको सशक्तिकरण***

किसानहरूलाई उनीहरूको बीउ स्रोतहरूमा नियन्त्रण दिएर, सामुदायिक बीउ बैंकहरूले उनीहरूलाई उनीहरूको आवश्यकता र अवस्थाहरू अनुरूप

निर्णयहरू गर्न सशक्त बनाउँछन्। यो सशक्तिकरणले किसान समुदायहरू बीच स्वतन्त्रता र आत्मनिर्भरतालाई बढावा दिन्छ। ***अनुसन्धान र विकास*** तिनीहरूले वनस्पति आनुवंशिकी, बाली सुधार, र दिगो खेती विधिहरू अध्ययन गर्ने अन्वेषकहरू र कृषि वैज्ञानिकहरूको लागि स्रोतको रूपमा सेवा गर्न सक्छन्। सामुदायिक बीउ बैंकहरूबाट प्राप्त डाटा र बीउ नमूनाहरूले फराकिलो कृषि अनुसन्धान प्रयासहरूमा योगदान पुर्‍याउन सक्छ। ***सामुदायिक निर्माण र सामाजिक एकता*** सामुदायिक बीउ बैंकहरूको सहयोगी प्रकृतिले किसानहरू बीच समुदाय र सहयोगको भावनालाई बढावा दिन्छ। यो सामाजिक एकताले बलियो, थप लचिलो समुदायहरू निम्त्याउन सक्छ।

**सामुदायिक बीउ बैंक र रैथाने बीउ बीचको सम्बन्ध**

सामुदायिक बीउ बैंकहरू र रैथाने बीउहरू बीचको सम्बन्ध जैविक विविधताको संरक्षण, दिगो कृषि अभ्यासहरूको प्रवर्द्धन, र सांस्कृतिक सम्पदाको संरक्षणको लागि आधारभूत छ। ***आनुवंशिक विविधताको संरक्षण*** रैथाने बीउहरू सहित विभिन्न प्रकारका बीउहरूको भण्डारको रूपमा काम गर्छन्। यी बीउहरू सङ्कलन, भण्डारण र वितरण गरेर, तिनीहरूले विविध आनुवंशिक पोखरी कायम राख्न मद्दत गर्छन्। ***प्रभावः*** यो आनुवंशिक विविधता कृषि प्रणालीको अनुकूलन र लचिलोपनको लागि महत्त्वपूर्ण छ। यसले परिवर्तनशील वातावरणीय अवस्था, कीरा र रोगहरू सामना गर्न सक्ने नयाँ प्रजातिहरू विकास गर्न मद्दत गर्दछ। ***सामुदायिक बीउ बैंकहरूः*** परम्परागत कृषि ज्ञानको संरक्षकको रूपमा काम गर्छन्। तिनीहरूले रैथाने बीउहरूको खेती, भण्डारण र प्रयोगको बारेमा जानकारी कागजात र साझेदारी गर्छन्। ***रैथाने बीउः*** स्थानीय समुदायहरूको सांस्कृतिक अभ्यास र परम्पराहरूसँग नजिक छन्। तिनीहरू प्रायः परम्परागत समारोह, व्यञ्जन, र औषधीय अभ्यासहरूमा प्रयोग गरिन्छ। ***दिगो कृषि सामुदायिक बीउ बैंकहरूः*** दिगो खेती अभ्यासहरूलाई समर्थन गर्दछ। कृषकहरूले आफ्नो स्थानीय अवस्था अनुसार उपयुक्त हुने बीउ छनोट गर्न सक्छन्, जसले गर्दा रासायनिक सामग्रीको आवश्यकता कम हुन्छ। वातावरणमैत्री खेती विधिलाई बढावा दिन्छ, माटोको स्वास्थ्यलाई बढाउँछ र बाह्य सामग्रीमा निर्भरता कम गर्छ। ***खाद्य सुरक्षा*** विभिन्न बीउहरूमा किसानहरूको निरन्तर पहुँच सुनिश्चित गरेर, सामुदायिक बीउ बैंकहरूले खाद्य सुरक्षा बढाउँछन्। तिनीहरूले बीउको अभाव विरुद्ध बफरको रूपमा काम गर्छन् र बाली विविधीकरणका लागि विकल्पहरू प्रदान गर्छन्। सामुदायिक बीउ बैंकहरू र रैथाने बीउहरू बीचको सम्बन्ध जैविक विविधता, सांस्कृतिक सम्पदा, दिगो कृषि, खाद्य सुरक्षा र आर्थिक स्थायित्व प्रवर्द्धन गर्न अभिन्न हुन्छ। सामुदायिक बीउ बैंकहरूले रैथाने बीउहरूको संरक्षण र प्रयोगलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्छन्, यी बहुमूल्य स्रोतहरू भावी पुस्ताहरूका लागि उपलब्ध छन् भनी सुनिश्चित गर्दै। यस सम्बन्धलाई बढावा दिएर, समुदायहरूले लचिलो र दिगो कृषि प्रणालीहरू निर्माण गर्न सक्छन् जसले तिनीहरूको सांस्कृतिक परम्परालाई सम्मान गर्दछ र

परिवर्तनशील वातावरणीय परिस्थितिहरूमा अनुकूलन गर्दछ।

**सामुदायिक बीउ बैंक स्थापना गर्ने उद्देश्य र समुदायमा यसको कार्य भूमिका**

सामुदायिक बीउ बैंक स्थापनाले धेरै महत्त्वपूर्ण उद्देश्यहरू पूरा गर्दछ र समुदाय भित्र बहुआयामिक भूमिका खेल्छ। मुख्यतया, यसले आनुवंशिक विविधता कायम राख्न र बदलिँदो वातावरणीय परिस्थितिमा अनुकूलन गर्न अत्यावश्यक हुने परम्परागत र स्वदेशी प्रजातिहरू सहित विभिन्न प्रकारका बीउहरू सङ्कलन र भण्डारण गरेर कृषि जैविक विविधताको संरक्षण गर्ने लक्ष्य राखेको छ। यो संरक्षण प्रयासले आधुनिक कृषि अभ्यास वा जलवायु परिवर्तनका कारण हराउन सक्ने मूल्यवान बीउ प्रजातिहरू भावी पुस्ताका लागि उपलब्ध रहने सुनिश्चित गर्दछ। थप रूपमा, सामुदायिक बीउ बैंकहरूले प्राकृतिक प्रकोप वा आर्थिक अस्थिरता जस्ता संकटको समयमा बीउको भरपर्दो स्रोत उपलब्ध गराएर स्थानीय खाद्य सुरक्षालाई समर्थन गर्दछ, जसले गर्दा खाद्य आपूर्तिलाई स्थिर बनाउँछ र बाह्य बीउ स्रोतहरूमा निर्भरता घटाउँछ। तिनीहरूले स्थानीय परिस्थितिहरूमा राम्रोसँग अनुकूल हुने र कम रासायनिक इनपुटहरू आवश्यक पर्ने बीउहरू प्रदान गरेर दिगो कृषिलाई प्रवर्द्धन गर्छन्, जसले गर्दा वातावरणमैत्री खेती गर्ने अभ्यासहरूलाई प्रोत्साहन दिन्छ र माटोको स्वास्थ्य सुधार गर्दछ। यी व्यावहारिक कार्यहरू बाहेक, सामुदायिक बीउ बैंकहरूले परम्परागत कृषि अभ्यासहरू र सांस्कृतिक रूपमा महत्त्वपूर्ण बीउहरू जोगाएर सांस्कृतिक सम्पदाको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्छन्, जुन स्थानीय चलन र आहारको अभिन्न अंग हो। तिनीहरूले बीउ बचत, खेती प्रविधिहरू, र दिगो कृषिमा शिक्षा र प्रशिक्षणको लागि केन्द्रको रूपमा सेवा गर्दै, तिनीहरूको बीउ आपूर्तिमा नियन्त्रण प्रदान गरेर र आत्मनिर्भरता बढाएर समुदायहरूलाई सशक्त बनाउँछन्। अनुसन्धान, वकालत, र नीति समर्थन मार्फत, सामुदायिक बीउ बैंकहरूले प्रभावकारी कृषि रणनीतिहरूको विकास र बीउ सार्वभौमिकताको लागि सहयोगी वातावरण सिर्जना गर्न योगदान गर्दछ। आपतकालिन समयमा, तिनीहरूले पुनः प्राप्तिको लागि महत्त्वपूर्ण स्रोतको रूपमा काम गर्छन्, समुदायहरूलाई उनीहरूको कृषि प्रणाली पुनर्निर्माण गर्न मद्दत गर्न बीउहरू उपलब्ध गराउँछन्। समग्रमा, सामुदायिक बीउ बैंकहरू जैविक विविधताको संरक्षण गर्न, दिगो कृषिलाई समर्थन गर्न र स्थानीय समुदायहरूको लचिलोपन र स्वायत्तता बढाउन आवश्यक छन्।

***लेखक : भूमे गाउँपालिकाको कार्यालयमा कार्यरत कृषि अधिकृत हुनुहुन्छ।***